# स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३

निर्वाचन आयोगबाट स्वीकृत मिति

२०७३/१२/८

निर्वाचन पर्यवेक्षणमा अनुभव र प्रतिष्ठा आर्जन गरेका राष्ट्रिय संघ/संस्था तथा व्यक्तिहरूबाट निर्वाचन पर्यवेक्षणको लागि स्थापित मापदण्ड अनुसारको पर्यवेक्षण गराई निर्वाचन प्रणाली र प्रक्रियामा निरन्तर सुधार गर्न तथा निर्वाचनको स्वच्छता र निष्पक्षता अभिवृद्धि गर्नको लागि निर्वाचन आयोगले यो स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३ बनाएको छ ।

१. **उद्देश्य :** निर्वाचन आयोगले सञ्चालन गर्ने स्थानीय तह निर्वाचनलाई स्वतन्त्र निष्पक्ष वनाउनको लागि निर्धारण गरिएका प्रक्रिया र मापदण्डहरूको पालना भएको कुरा पर्यवेक्षणको माध्यमबाट समेत सुनिश्चित गर्ने मुख्य उद्धेश्य रहेको छ । यस नीतिका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन :

(क) निर्वाचन परिणामको स्वीकार्यतालाई अभिवृद्धि गर्न गोप्य मतदान बाहेकका निर्वाचनका अन्य प्रक्रियाहरूलाई अधिकतम पारदर्शी बनाउने,

(ख) निर्वाचन प्रक्रियामा यसका मुख्य सरोकारवालाहरूसँगको समन्वय र सहभागिता प्रवर्द्धन गर्ने,

(ग) क्षेत्रीय तथा अन्तर्राष्ट्रियरूपमा आयोगको छवि प्रवर्द्धन गर्न आपसी सम्वन्धलाई विस्तार एवं सवलीकरण गर्ने,

(घ) पर्यवेक्षणमा संलग्न राष्ट्रिय संस्था एवं पर्यवेक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,

(ङ) पर्यवेक्षण कार्यलाई प्रभावकारी नियमनद्धारा व्यवस्थित र मर्यादित वनाउने ।

२. **नीति** : उल्लेखित उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ :

(क) निर्वाचन आयोगले संविधान र प्रचलित कानून बमोजिम संचालन गर्ने स्थानीय तह निर्वाचनको आवश्यकता अनुसार पर्यवेक्षण गराउने,

(ख) स्थानीय तह निर्वाचनको विभिन्न प्रकृयाहरूमा राष्ट्रिय पर्यवेक्षकहरूबाट पर्यवेक्षण गराउने ।

३. **रणनीति तथा कार्यनीति** : निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षणको लागि देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्वन गर्नेछः

(१) **क्षमता विकास :** निर्वाचन पर्यवेक्षणमा संलग्न हुने पर्यवेक्षण संस्था तथा पर्यवेक्षकहरू र आयोगका केन्द्र तथा जिल्लास्थित जनशक्तिको क्षमता विकास गर्ने । यस रणनीति अन्तर्गत देहायका कार्यनीतिहरु हुनेछन् :

(क) आयोगका कर्मचारीहरूको क्षमता विकासको आवश्यकता पहिचान गरी उपयुक्त तालिम तथा अध्ययन भ्रमण र पर्यवेक्षणमा संलग्न गराउने,

(ख) स्थानीयतहकोनिर्वाचनसँग सम्वन्धित नीति, प्रक्रिया र आचार संहिताको बारेमापर्यवेक्षण गर्ने संघ/संस्थाहरुलाई स्पष्ट गराउन आयोगवाट अभिमुखीकरण तालिमको व्यवस्था गर्ने,

(ग) पर्यवेक्षण गर्ने संघ/संस्थाले आयोगले निर्धारण गरेका विषयवस्तुमा आधारित भई पर्यवेक्षकहरूलाई अनिवार्य रुपमा अभिमुखिकरण तालिम सञ्चनलन गर्ने,

(घ) पर्यवेक्षण गर्ने संघ/संस्थाहरुलाई आयोगले पर्यवेक्षणसँग सम्वन्धित आवश्यकसूचना उपलव्ध गराउने।

(२) **समन्वय** : निर्वाचन पर्यवेक्षणको लागि आयोगले नेपाल सरकार, निर्वाचनमा भाग लिने राजनीतिक दलहरू, निर्वाचनसम्बन्धी कार्यमा संलग्न राष्ट्रियसंस्था एवं पर्यवेक्षकहरू,विकास साझेदार, नागरिक

समाज, आमसञ्चार र अन्य सम्वद्ध पक्षहरूसँग आवश्यकता अनुसार समन्वय गर्नेछ । यस रणनीति अन्तर्गत देहायका कार्यनीतिहरु हुनेछन्:-

(क) राष्ट्रिय पर्यवेक्षकहरूको व्यवस्थापन गर्न आयोगमा उपयुक्त संयन्त्रको व्यवस्था गर्ने, उक्त संयन्त्रमा आवश्यकता अनुसार नेपाल सरकारका सम्बद्ध निकाय, नागरिक समाज तथा बिकास साझेदार एवं आम सञ्चार क्षेत्रका प्रतिनिधिहरू समेत सहभागी गराउने,

(ख) पर्यवेक्षणसम्बन्धी आवश्यक सूचना तथा परिचयपत्रवितरण गर्ने प्रक्रियालाई व्यवस्थित गर्न एकद्धार पद्धति अवलम्वन गरिने र सो का लागि निर्वाचन पर्यवेक्षण स्रोतकेन्द्रको स्थापना गर्ने,

(ग) निर्वाचन पर्यवेक्षकलाई आचार संहिता पालना गराउन,आगमन सहजीकरण गर्न र पर्यवेक्षकको सुरक्षा प्रवन्ध गर्न सम्वद्ध निकायहरुबीच समन्वय गर्ने ।

(३) **सहभागिता:**निर्वाचन पर्यवेक्षणको प्रभावकारिता अभिवृद्धि गर्न निर्वाचन पर्यवेक्षणलाई समावेशी तथा सहभागितामूलक बनाउने । यस रणनीति अन्तर्गत देहायका कार्यनीतिहरुहुनेछन् :-

(क) मुलुकभित्रका राष्ट्रियस्तरका ख्यातिप्राप्त व्यक्तिलाई निर्वाचनको दिन मतदान कार्यको अवलोकनका लागि आमन्त्रण गर्न सक्ने,

(ख) निर्वाचन पर्यवेक्षण गर्ने राष्ट्रिय संघ/संस्थाहरुलाई अनुमति दिँदा सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायको सहभागितालाई सुनिश्चित गराउने नीति तथा कार्यक्रमलाई समेत आधार मान्ने ।

(४) **साझेदारी तथा सहकार्य** : निर्वाचन पर्यवेक्षणको लागिआवश्यक पर्ने भौतिक, वित्तीय एवं मानवीय श्रोत साधन व्यवस्थापन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षहरूसँग आवश्यकता अनुसार साझेदारी तथा सहकार्य गर्ने । यस रणनीति अन्तर्गत देहायका कार्यनीतिहरु हुनेछन् :-

(क) निर्वाचन पर्यवेक्षणको लागि आवश्यक पर्ने भौतिक, वित्तीय एवं मानवीय स्रोत साधनको व्यवस्थापनका लागि आयोगले आवश्यकता अनुसार बिकास साझेदार संस्थासँग समेत सहयोग लिनसक्ने,

(ख) पर्यवेक्षणमा संलग्न हुने संस्थाहरूले संचालन गर्ने पर्यवेक्षणसम्वन्धी अभिमुखीकरण तालिम कार्यक्रमलाई प्रभावकारी र परिणाममूलक बनाउन आवश्यकता अनुसार आयोगबाट उपलब्ध हुने स्रोत व्यक्तिलाई समेत संलग्न गराउने विषयमा सहकार्य गर्ने,

(५) **व्यापकता** : निर्वाचन पर्यवेक्षणको कामलाई सबै प्रदेशका हिमाल, पहाड, तराई सबै स्थान तथा क्षेत्रमा सहज र व्यापक बनाउने ।

(६) **जवाफदेहिता** : पर्यवेक्षणमा संलग्न हुने संघ/संस्था तथा व्यक्तिलाई पर्यवेक्षणको लागि आयोगले निर्धारण गरेका मापदण्ड, जारी गरेको आचार संहिताप्रति पूर्ण जवाफदेही तुल्याउने । यस रणनीति अन्तर्गत देहायका कार्यनीतिहरु हुनेछन् :-

(क) आयोगले लागु गरेको पर्यवेक्षण आचार संहिता सम्वन्धित संस्थाले अनिवार्य रुपमा पालना गर्नु पर्ने,

(ख) पर्यवेक्षण आचार संहिता तर्जुमा गर्दा आयोगले बनाएको मापदण्डहरुलाई समेत आधार मान्ने,

(ग) पर्यवेक्षक संघ/संस्था वा व्यक्तिहरूबाट आयोगको नीति, नियम र पर्यवेक्षण आचार संहिता उल्लंघन भएको पाइएमा निजलाई दिइएको अनुमति खारेज गरी पर्यवेक्षण कार्यमा रोक लगाई नकारात्मक सूची तयार गरी अभिलेख राख्ने ।

(७) **नियमन** : निर्वाचन पर्यवेक्षणलाई व्यवस्थित, प्रभावकारी र जवाफदेही बनाउनको लागि राष्ट्रिय पर्यवेक्षण संघ/संस्थालाई आयोगबाट अनुमतिको व्यवस्था गर्ने ।

४. **अनुगमन तथा मूल्याङ्कन** : यस नीतिको कार्यान्वयनको अनुगमन तथा प्रभावकारिताको मूल्याङ्कन आयोगबाट गरिनेछ ।

↔